आज मिति २०८२।११।२९ गते बिहानको ८:०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १५०औ (आ.व.२०८२/८३ को एघारौ) बैठक गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिकाको बैठक कक्षमा बस्यो । उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १७ | श्री तुलसी राम आचार्य | सचिव (प्र.प्र.अ.) | |
| | | | |

गण्डकी गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक संख्या: १५०

मिति; २०८२/११/२९

निर्णयहरु :-

**प्रस्ताव नं १ : पुर्व निर्णयहरुको समिक्षा सम्बन्धमा।**

**निर्णय नं १ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको बिभीन्न कार्यापालिका बैठकहरुमा भएका निर्णयहरुको उपलब्धीहरुको विषयमा छलफल गर्दै आगामी दिनमा थप प्रभावकारी ढङ्गवाट विषयगत शाखाको कार्यक्रमहरु अगाडी बढाई समयसिमा भित्र उपलब्धी हासिल गर्न निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं २ : समपुरक अनुदान सम्बन्धमा।**

**निर्णय नं २ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको आ.व. २०८३/०८४ को प्रदेश समपुरक अनुदान को लागी तपशिल वमोजिमको योजनाहरु छनोट गरि प्राथमिकताको आधारमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क) गण्डकी गापा- रातमाटे- मकैसिंङ- वतासे सडक

ख) गण्डकी गापा- वानेपौवा डाडाँ- हटिया-कुवापानी सडक

ग) रानोश्वारा- छरुवा- पातिश्वारा- बतासे सडक

**प्रस्ताव नं ३ :विशेष अनुदान सम्बन्धमा।**

**निर्णय नं ३ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको आ.व. २०८३/०८४ को प्रदेश विशेष अनुदान अन्तर्गत क्लोथ (कपडा) वैंक स्थापना गर्न योजना माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ४. विविध**

**निर्णय नं ४.१ स्वघोषणा सम्बन्धमा।**

स्वघोषणा सम्बन्धमा छलफल गर्दा गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारक्षेत्र भन्दा बाहिर गएर कुनै कर नलगाएको अर्थात आफ्नो अधिकार बाहिर करारोपण नगरेको स्वघोषणा गर्ने निर्णय गरियो।

**निर्णय नं ४.२: विषयगत समितिहरुको प्रतिवेदन सम्बन्धमा।**

विषयगत समिति गठन तथा कार्यसञ्चालन सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको समग्र कार्य सम्पादनलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा नतिजामुखी बनाउन देहाय बमोजिमका विषयगत समितिहरूबाट प्राप्त २०८१।०८२ को प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो:

१. आर्थिक विकास समिति

२. सामाजिक विकास समिति

३. पूर्वाधार विकास समिति

४. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

५. सुशासन तथा संस्थागत विकास समिति

६. विधायन समिति

७. लेखा समिति

८. न्यायिक समिति

९. अनुगमन तथा सुपरिवेक्षण समिति

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

गण्डकी गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक संख्याः १५०

मितिः २०८२/११/२९

**निर्णय नं ४.३: जग्गाको वर्गीकरण मापदण्ड सम्वन्धमा।**

जग्गाको वर्गीकरण मापदण्ड सम्वन्धमा छलफल गर्दा गण्डकी गाउँपालिका अन्तरगत विभिन्न वडामा तपसिल बमोजिमका जग्गा वर्गीकरण गर्दा फरक भएकोले उक्त जग्गाहरु स्थानीय भु-उपयोग परिषद बाट निर्णय गराई जग्गाको बर्गीकरण मापदण्ड अनुसार परिवर्तन गर्ने निर्णय गरियो।

| क्रस | जग्गा धनिको नाम | साविक जग्गाको विवरण | कित्ता नं. | हालको बर्गीकरण | परिवर्तन पछिको वर्गीकरण | क्षेत्रफल | परिवर्तन को कारण |
|---|---|---|---|---|---|---|---|
| १. | हरि बहादुर लामिछाने, वडा नं ७ | पाखो,चाहार, कृषि क्षेत्र | ७३४ | कृषि क्षेत्र | आवासीय | ३-५-०-३ | बसोवासको लागि आवस्यक |
| २. | राम माया माझी र राम हरि माझी | छुट भएकोले | ४०४५ | कृषि क्षेत्र | व्यवसायीक | १-४-१-० | छुट भएकोले |
| ३. | सपना विसुराल | छुट भएकोले | ३४०५ | | आवसिय | ०-३-०-० | छुट भएकोले |

**निर्णय नं ४.४ : जग्गा प्लटिङ वा खण्डीकरण सम्बन्धमा।**

जग्गा प्लटिङ वा खण्डीकरण नगरेको हुँदा भुमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लागत सङ्कलन सम्बन्धी नेपाल सरकारबाट लागू भएको कार्यविधि–२०८१ का प्रावधानहरू बमोजिम हालसम्म गण्डकी गाउँपालीकामा जग्गा प्लटिङ वा खण्डीकरण नगरिएको व्यहोरा प्रमाणीत गर्ने निर्णय गरियो।

**निर्णय नं ४.५: आर्थिक सहायता सम्वन्धमा।**

यस विषयमा छलफल गर्दा गण्डकी गाउँपालिका वडा नं १ निवासी तपसिल बमोजिमका व्यक्तिहरुलाई औसधि उपचारको खर्च उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

जिवन राना :– रु. २००००/-

समिप चेपाङ :- रु १००००/-

**निर्णय नं ४.६: रकम बिनियोजन सम्वन्धमा।**

यस विषयमा छलफल गर्दा गण्डकी गाउँपालिका वडा नं ६ बन्टार स्थित निर्माणाधिन सामुदायिक सभाहलाई चालु आव २०८२/२०८३ को बार्षिक बजेटमा प्रशासकीय भबन निर्माण शिर्षकमा बिनियोजित बजेट वाट रु. ८५०००० (अक्षरुपी रु आठ लाख पचास हजार) र ऐ.ऐ. शिर्षक बाट कार्यालय मर्मत संभार शिर्षकमा रु ४,००,०००/- चार लाख रकमान्तर गर्ने निर्णय गरियो।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

गण्डकी गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक संख्याः १५०

मितिः २०८२/११/२९

**निर्णय नं ४.७ : व्यवस्थापन परिक्षण सम्वन्धमा।**

प्रशासकीय प्रमुखले पेश गरेको गत आर्थिक वर्ष २०८१/०८२ को व्यवस्थापन परिक्षण प्रतिवेदन उपर छलफल गरी कार्यालयको कामकारवाही थप प्रभावकारी बनाउन विषयगत शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ४.८ कार्यक्रम शिर्षक परिवर्तन सम्बन्धमा।**

कार्यक्रम/आयोजना शिर्षक परिवर्तन सम्वन्धमा छलफल गर्दा गण्डकी गाउँपालिकाको विनियोजन ऐनको २०८२ अनुसुची ३ को क्रम सङ्ख्या २५४ को दिर्घेश्वर मा.वि. रनिङ शिल्ड खर्च तथा खेलकुद सामाग्री खरिद नाम भएकोमा संशोधन गरी दिर्घेश्वर मा.वि. रनिङ शिल्ड खर्च तथा खेलकुद सामाग्री र विद्यालय व्यवस्थापन बनाउने निर्णय गरियो।

**निर्णय नं ४.९ विद्यालयलाई घेरावार निर्माण गर्न रकम उपलब्ध गराउने सम्वन्धमा।**

गण्डकी गाउँपालिकाको विनियोजन ऐनको २०८२ अनुसुची ३ को क्रम सङ्ख्या १०३ मा विद्यालय घेरावार निर्माण कार्यक्रममा बिनियोजन गरिएको रु १० लाख रकम तपशिल विद्यालयहरु लाई उपलब्ध गराउने निर्णय गरियो।

| क्र.स. | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | दिर्घेश्वर मा.वि, गण्डकी- ४ | २ लाख | |
| २. | प्रजाज्योती आ.वि, गण्डकी- ७ | २ लाख | |
| ३. | प्रजावस्ती आ.वि., गण्डकी -१ | १ लाख | |
| ४. | भैरवाश्रम मा.वि., गण्डकी -३ | ५ लाख | |

**४.१० शोक प्रस्ताव सम्वन्धमा।**

गण्डकी गाउँपालिका वडा नं ४ को वडा अध्यक्ष श्री राजु वावु भण्डारीको पुजनिय पिता नरहरीराज भण्डारी मिति २०८२/११/१२ गते स्वर्गारोहण हुनु भएकोमा गहिरो दुख व्यक्त गर्दै हार्दिक श्रद्धान्जली अर्पणका साथ शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गरी शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**४.११ नदीजन्य पदार्थको कार्ययोजना सम्वन्धमा।**

आ.व. २०८२।८३ को गण्डकी गाउँपालिकाको नदीजन्य पदार्थ ( ढुङ्गा, गिटी, बालुवा ) को कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**४.१२ सामाजिक सुरक्षा कोष उपसमिति गठन सम्वन्धमा।**

गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध २ महिनामा प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १. | श्री सिताराम विश्वकर्मा | संयोजक (कार्यपालिका सदस्य) |
| २. | श्री लक्ष्मी श्रेष्ठ | सदस्य (कार्यपालिका सदस्य) |
| ३. | विष्णुमाया चापागाई | सदस्य |
| ४. | प्रसन्न तिवारी | सदस्य सचिव |

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

गण्डकी गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक संख्या: १५०

मिति; २०८२/११/२९

### ४.१३ योजना फरफारक सम्वन्धमा ।

गाउँपालिकामा उपभोक्ता समिति वाट आ.व. २०८२/८३ मा हाल सम्म निर्माण सम्पन्न भएका तपशिल वमोजिमका योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. स. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | श्रोत | विनियोजित बजेट रु | लागत अनुमान | उपभोक्ता समिति/निर्माण व्यवसायी | खर्च | खर्च % | आयोजना हस्तान्तरण भएको/नभएको |
|---|---|---|---|---|---|---|---|---|
| | **वडा नं ४** | | | | | | | |
| १. | ढकालगाउँ पानीधारा सिढीबाटो निर्माण | गापास्तरीय | २,००,००० | २,२२,०३६.४८ | चिरञ्जीवी ढकाल | १,९१,७५१ | ९५.८८ | भएको |
| २. | सडक सरसफाई तथा व्यवस्थापन | वडागत | ३,००,००० | २,९९,२४३.२२ | श्री कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २,७३,२७७ | ९१.०९ | नभएको |
| ३. | वडा नं ४ का विश्रामस्थलहरुमा कङ्क्रिड बेन्च निर्माण तथा व्यवस्थापन | वडागत | १,००,००० | | | १,००,००० | १०० | |
| ४. | वडा भरिको सिढी बाटो निर्माण | वडागत | ५,००,००० | ५,५५,५५५.९९ | लिला बहादुर पाण्डे | ४,७६,३२० | ९५.२६ | भएको |
| | **वडा नं ७** | | | | | | | |
| ५. | धावलीचोक देखि पौडेलगाउँ सडक स्तरोन्नती | गापास्तरीय | ५,००,००० | ५५७०१६.८५ | श्री राजन बाबु कार्की | ५,८४,५५१ | ९६.९१ | भएको |
| ६. | वडा कार्यालय देखि लामिडाँडा सडक स्तरोन्नती | गापास्तरीय | ५,००,००० | ५,५६,४६३.३४ | श्री ईन्द्र बहादुर भट्टराई | ४,७६,३८६.९४ | ९५.२८ | भएको |
| ७. | गोविन्दटार देखि ज्यामिरेघाट सडक स्तर स्तरोन्नती | गापास्तरीय | ३,००,००० | ३,३६,२७७.७४ | श्री ध्रुवराज रेग्मी | २,८९,९७३ | ९६.६६ | भएको |
| ८. | श्री कृष्ण चोकदेखि नास्टार सडक स्तरोन्ती | गापास्तरीय | ८,००,००० | ८,८९,३५४.२८ | श्री सन्दिप कार्की | ७,६८,८८० | ९६.११ | भएको |
| ९. | चैनपुर छापगाउँ सडक स्तरोन्नती तथा सिढी निर्माण | वडागत | ४,००,००० | ४,४४,७८२.९० | श्री केदार सिं गुरुङ | ३,७६,२२७.२० | ९४.०६ | भएको |
| १०. | बडहरे देखि पदेलटार सडक स्तरोन्नती (म्याचिङ-२५०) | वडागत | २,५०,००० | ५,३३,१२१.७० | श्री ढुन्डीराज मरेठा | २,३७,१९१ | ९४.८८ | भएको |
| ११. | कार्की गाउँ जलदेवी सिढी निर्माण | वडागत | १,००,००० | १,१२,२५३.२५ | श्री धन कुमारी कार्की वानिया | ९६,६२४.०६ | ९६.६२ | भएको |
| १२. | कौदिफाँट कुलो निर्माण प्र.म.रो. का म्याचिङ | वडागत | ७५,००० | १,५८,७५७.९१ | श्री आईतमान प्रजा | ६२,२२४.१४ | ८२.९७ | भएको |
| १३. | शिव आवि लामिडाँडा गोरेटोबाटो प्र.म.रो. का म्याचिङ | वडागत | ५०,००० | ६६,६७९.८० | श्री कुल बहादुर चेपाङ | १५,३९०.८६ | ३०.७८ | भएको |
| १४. | बडहरे चौतारा संरक्षण(म्याचिङ-७५) | वडागत | ७५,००० | १,५८,५३१.८० | श्री झम्क बहादुर थापा मगर | ६५,०१७.१९ | ८६.६९ | भएको |
| | **वडा नं ८** | | | | | | | |
| १५. | नयाँपुल लाहुरेचोक सडक स्तरोन्नती | गापास्तरीय | ५,००,००० | ५,५८,७०४.१२ | श्री बिमला नेपाली | ४,८४,५९७ | ९६.९२ | भएको |
| १७. | बेनीगाउँ खेलकुद मैदान निर्माण | गापास्तरीय | ३,००,००० | ३,३५,१८४.८९ | श्री भोज बहादुर श्रेष्ठ | २,९०,५८३.२७ | ९६.८६ | भएको |
| १८. | ईभान्जलीकल मित्र मण्डली भवन | वडागत | ५,००,००० | ५,७१,२६९.८२ | श्री राम बहादुर गैरे | ४,७८,४५६ | ९५.६९ | भएको |

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

**४.१४ पशु सेवा उपशाखाको प्रदेशको गरिबिनिवारण कार्यक्रम सम्वन्धमा।**

गण्डकी प्रदेश विशेष अनुदानबाट गरिबिनिवारणका लागि पशुपालन प्रवर्धन कार्यक्रमको लागि विनियोजन भएको रकम निम्न अनुसार कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो।

| क्र.स. | प्रस्तावित मुख्य कार्यक्रम | अनुमानित लागत रु | कैफियत |
|---|---|---|---|
| १. | पशुपालन तालिम तथा सीप विकास कार्यक्रम | ५,००,०००।- | |
| २. | गुणस्तरीय प्रजनन क्षमतायुक्त पशु वितरण। | २०,००,०००।- | |
| ३. | खोर एवं गोठ निर्माण सहयोग | ३,००,०००।- | |
| ४. | आहार तथा औषधोपचार व्यवस्थापन | ३,००,०००।- | |
| ५. | पशु बीमा कार्यक्रम | २,००,०००।- | |
| ६. | पशु स्वास्थ्य शिविर | ५,००,०००।- | |
| ७. | बजार व्यवस्थापन तथा समन्वय | १,००,०००।- | |
| ८. | अनुगमन, मूल्याङ्कन तथा प्रशासनिक खर्च | १,००,०००।- | |
| | जम्मा | ४०,००,०००।- | |

**४.१४ संघिय सथर्त वितिय हस्तान्तरित कृषि विकास कार्यक्रम सम्वन्धमा।**

संघिय सथर्त वितिय हस्तान्तरित कृषि विकास कार्यक्रम अन्तरत मिति २०८२।१०।२७ मा प्रकाशित सुचना अनुसार पेश हुन आएका निम्न अनुसारका कृषि फर्म तथा कृषकहरुलाई कार्यक्रममा छनौट गर्ने निर्णय गरियो।

| क्र. स. | नाम, थर | ठेगाना | सम्पर्क नं | माग गरिएको कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | एस आर कृषि फर्म | गण्डकी - ७, घ्यालचोक | ९८११२१०६०७ | • कम्पोष्ट मल उत्पादन (भकारो सुधार) | • गाईवस्तुको मल प्रयोग गरिरहेको।<br>• मलमूत्र संकलनको लागि गोठसुधार गर्न र गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्न ईच्छुक भएको। |
| २ | महादेव कृषि सहकारी संस्था लि | गण्डकी - २, | ९८४५५०७६३९ | • प्राङ्गारिक मल उत्पादन<br>• प्राङ्गारिक कृषि प्रबिधिको अनुसरण<br>• रैथाने बाली उत्पादन, प्रवर्द्धन,सहयोगि | • प्राङ्गारिक मल प्रयोग गरिरहेको।<br>• जैविक विषादी तथा प्राङ्गारिक मल उत्पादन गर्न ईच्छुक भएको। |

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष